स्थानीय सरकार
पाँचपोखरी थाङपाल गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
थाङपाल धाप, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या :२०८१/०८२
चलानी :

प्रकाशन मिति : २०८१।०५।३०

## सहुलियत कर्जाका लागि व्यवसायीक प्रस्ताव पेश गर्ने सम्वन्धि
## अत्यन्त जरूरी सूचना !

प्रस्तुत विषयमा पाँचपोखरी थाङपाल गाउँपालिकाको **आय आर्जनका लागि पूँजीको दिगो, चक्रिय र व्यवस्थित परिचालन सम्वन्धि कार्यविधि २०८०** अनुसार चक्रिय पूँजी परिचालन कोषमा रहेको रकम सहकारी मार्फत सहुलियत कर्जा लिई **आफ्नो व्यवसाय विस्तार गर्न चाहने** गाउँपालिकामा दर्ता भई सञ्चालनमा रहेका एकल तथा सामुहिक (कृषि, पशुपालन तथा उत्पादनमुलक) **व्यवसाय सञ्चालन गरिरहको व्यवसायीहरूले** तपशिलमा उल्लेखित कागजात सहित २०८१ साल असोज मसान्त भित्रमा गाउँपालिकाको सहकारी शाखामा निवेदन पेश गर्नुहुन यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपशिल:**

१. व्यावसाय दर्ता प्रमाण पत्रको प्रतिलिपी - एक प्रति
२. व्यावसायीको नाममा भएको जग्गा धनी प्रमाण पूर्जाको फाटोकपी (आफ्नै नाममा पुर्जा नभए एकाघर परिवारका सदस्यको नाममा रहेको जग्गा धनी प्रमाण पूर्जा र निजले दर्खास्तवालालाई उक्त जग्गा यस कार्यविधि बमोजिम ऋण लिने प्रयोजनको लागि प्रयोग गर्न दिने गरि दिएको मन्जुरीनामा वा जग्गा लिजमा लिएको सम्झौता पत्रको प्रमाणित प्रतिलिपी ) - एक प्रति
३. आफुले गर्न लागेको व्यावसायको गाउँपालिकाले तोकेको ढाँचामा व्यासायीक योजना - एक प्रति *( व्यवसायीक योजनाको फारम सहकारी शाखाबाट उपलब्ध हुनेछ)*
४. वडा कार्यालयको सिफारीस - एक प्रति
५. आफूले गर्दै गरेको व्यावसायीक कार्यको वर्तमान अवस्था देखिने रंगिन फोटो
६. सहुलियत कर्जाका लागि प्रस्ताव पेश गरेको निबेदन
७. निवेदकको पासपोर्ट साइजको १ प्रति फोटो
८. सहुलित कर्जाको सीमा व्यवसायीक योजनाको आधारमा अधिकतम २ लाख सम्मको हुनेछ ।
९. कर्जा माग गर्ने व्यवसायी कुनै पनि सहकारी तथा वित्तिय संस्थाको खराव ऋणीको सूचीमा नपरेको हुनुपर्नेछ ।

०५/३०
..............................
**नि. प्रमुख प्रशासकिय अधिकृत**

**बोधार्थ:**
श्री सूचना प्रविधि शाखा, गाउँपालिकाको फेसबुक पेज तथा वेवसाईटमा अपलोड गरि जानकारी गराउनुहुन ।